श्री ५ को सरकार

## परराष्ट्र मन्त्रालयको सूचना

श्री ५ को सरकारले अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३६ को नियम ३ ले दिएको अधिकार प्रयोग गरी देहायका व्यक्तिहरूलाई देहायबमोजिम अवैतनिक महावाणिज्यदूत पदमा नियुक्त गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | नाम | स्थान | पद | मिति |
|---|---|---|---|---|
| १. | श्री बेहिच ओनेल (Mr. Behic Onel) | इस्तान्वुल, टर्की। | महावाणिज्यदूत | २०४२।५।६ |
| २. | श्री गुस्ताभ म्याटसन (Mr. Gustav Mattson) | हेलसिन्की, फिनल्याण्ड । | महावाणिज्यदूत | २०४२।५।६ |

आज्ञाले,
नरेन्द्रविक्रम शाह
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।६।८ को निर्णय अनुसार नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्राविधिक), वन विभागका (पुल दरबन्दीतर्फको) श्री बमप्रसाद श्रेष्ठलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ (३) अनुसार नोकरीबाट अवकाश दिइएको छ।

आज्ञाले,
बोधनाथ अधिकारी
सह-सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार